शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्याङ्डाडा, झापा

कृषि विकास शाखा

२०७३

१ नं. प्रदेश, नेपाल

प.सं: ०७७/७८
च. नं: 9632

मितिः- २०७७/१०/०४

बिषयः-सूचना प्रकाशन गरिएको बारे ।

आ.व.२०७७/०७८ को शसर्त तर्फ स्वीकृत कृषि विकास कार्यक्रम तर्फ मिति २०७७/१०/०४ को निर्णय अनुसार यस शिवसताक्षी नगरपालिका क्षेत्रमा धान उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक कृषक समूह/कृषि सहकारी/समुदायिक बीउ बैंक ब्यवस्थापन समति/उपभोक्ता/निजि उद्यमी/कम्पनि/कृषि फार्महरुले सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीको लागि शिवसताक्षी नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्न सकिने छ ।

तपशिल

क्र.सं.	संचालन हुने कार्यक्रम विवरण	अनुदान प्रतिशत	क्षेत्रफल	कार्यक्षेत्र
१.	धान उत्पादन प्रवद्धन कार्यक्रम (बाली बिकास)	५०%	न्यूनतम ३० बिगाहा(२० हेक्टर) को एक ब्लक छनौट गरि संन्चालन गरिने छ ।	शिवसताक्षी नगरपालिका

छनौट भएका ब्लकहरुमा मागको आधारमा निम्न अनुसारका कार्यक्रमहरु संचालन गरिनेछः

१) क्लस्टरका किसानलाइ धानको व्याड सुधारका लागि सुक्ष्मतत्व तथा जैविक मल वितरण ।
२) भकारो सुधार कार्यक्रम ।
३) माटो शिविर संचालन ।
४) धानमा सुक्ष्म तत्वको प्रयोग (जस्तै जिङ्क सल्फेट,मोनो हाइड्रेट) ।
५) हरियो मल प्रवर्द्धन ।
६) कृषि चुन वितरण ।
७) सामुहिक/सामुदायिक/नीजि कृषि सामाग्री विक्रि तथा कष्टम हायरिङ्ग सेवा केन्द्र स्थापना ।
८) जमिन सम्याउन प्रोत्साहन अनुदान ।
९) ५० प्रतिशत अनुदानमा धान बीउ वितरण ।
१०) बीउ उत्पादन तालिम ।

गीता कुमारी सैंई
प्रमुख प्रशासकीय अधिकृत

शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्याङ्डाडा, झापा

कृषि विकास शाखा

१ नं. प्रदेश, नेपाल

२०७३

प.सं: ०७७/७८
च. नं:

<u>निवेदन साथ सम्लग्न गर्नुपर्ने कागजातहरु:</u>

१) कार्यक्रम मागको निवेदन ।
२) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३) ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/समिति/कृषि फार्म सम्वन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
४) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गामा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।
५) कार्यसमितिको निर्णयको प्रतिलिपि ।
६) P.A.N वा V.A.T.को प्रमाण पत्रको प्रतिलिपि ।
७) आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।
८) कार्यक्रम संचालनको लागि प्रस्तावित कार्ययोजना ।
९) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
१०) कार्यविधि बमोजिम यान्त्रिकरण तर्फ र बीउ विजन लगाएत उत्पादन सहभागिता तर्फ ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।

<u>नोटः</u> *प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका अन्तर्रगत सुपरजोन,ब्लक र गत आ.व.मा संचालन भएका पकेट क्षेत्रका कृषकहरु बाहेकले मात्र कार्यक्रममा निवेदन पेश गर्न पाउने छन् ।*

<u>बोधार्थ:</u>
श्री सूचना प्रविधि शाखा कार्यालयको बेवसाईटमा अपलोड गर्नुहुन ।

२०७६।१०।१४
गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत